# २०८० असोज ०४ गतेको सचिव बैठकका निर्णयहरु:

१. सबै मन्त्रालय/ निकायहरुले जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा लिलाम प्रक्रियालाई शीघ्र रुपमा अगाडि बढाउने ।

२. चाडपर्व लगायतका बेलामा बजारमा हुनसक्ने कालोबजारी र अनियमिततालाई न्यूनीकरण गर्न सम्बन्धित निकायले बजार अनुगमन कार्यलाई तीव्रता दिने ।

३. गण्डकी प्रदेश सरकार मातहतका निकायमा कार्यरत सरुवा भइसकेका कर्मचारीलाई रमाना दिई तोकिएको निकायमा यथाशीघ्र हाजिर हुन पठाउने ।

४. प्रत्येक मन्त्रालय/निकायले माइलस्टोन बमोजिमको प्रगतिको स्थिति मासिक रुपमा सचिव बैठकमा पेस गर्ने व्यवस्था मिलाउने ।

५. सरकारी कामकाजसँग सम्बन्धित चिठीपत्र तथा कागजातहरुको आदानप्रदान गर्ने क्रममा छिटो छरितो सेवा आवश्यक परेमा हुलाककै द्रुत सेवालाई प्रयोग गर्ने ।

६. राष्ट्रिय स्तरका भव्य रुपमा मनाउनुपर्ने विभिन्न दिवस तथा समारोहमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीको उपस्थितिलाई अनिवार्य गर्ने ।

७. सबै मन्त्रालय (मातहतका निकायसमेत)/ निकायबाट चार पाङ्ग्रे, दुई पाङ्ग्रे र साइकलसमेतका सवारी साधनको विवरण सात दिनभित्र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाउने ।

प्रमुख सचिव

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

८. मन्त्रालय तथा निकायहरुले सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ बमोजिम देहाय बमोजिमको ढाँचामा मासिक खर्च विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रत्येक महिनाको सात गतेभित्र पेस गर्ने ।

देहायः

| सवारीको किसिम (चार पाङ्ग्रे, दुई पाङ्ग्रे)/सवारी साधन नम्बर | प्रयोगकर्ताको नाम/पद | चालकको नाम | इन्धन (डिजेल/पेट्रोल/मोविल) | मर्मत खर्च | खर्च भएको महिना |
|---|---|---|---|---|---|
| | | | | | |

दस्तखतः

नामः

पदः

मितिः

सम्पर्क नं.:

प्रमुख सचिव